# स्थानीय राजपत्र

## भाग- २ खण्ड ५ संख्या ७

## बागलुङ नगरपालिकाद्वारा प्रकाशित

**" बागलुङ नगर अस्ताल/ स्वास्थ्य संस्था फार्मेसी सेवा सञ्चालन कार्यविधि २०७८"**

अनुसूची १

(दफा ४ तथा अनुसूची १ को भाग-१ संग सम्बन्धित)

बागलुङ नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ५ संख्या ८ (१६ कार्तिक, २०७८)

**भाग–२**

# बागलुङ नगरपालिका

## " बागलुङ नगर अस्ताल/ स्वास्थ्य संस्था फार्मेसी सेवा सञ्चालन कार्यविधि २०७८"

**प्रास्तवना :**

वागलुङ नगरपालिका अन्तर्गतको स्वास्थ्य सेवामा प्रभावकारी रुपमा सबैको पहुँच सुनिश्चित गर्नका लागि फार्मेसी विषयका दक्ष जनशक्ति मार्फत बागलुङ नगर अस्पताल तथा मातहतका स्वास्थ्य संस्था बाट आफ्नै फार्मेसी सेवा सञ्चालन गरी बिरामी एवं सेवाग्राहीहरुलाई सुलभ एवं गुणस्तरीय फार्मेसी सेवा उपलब्ध गराउन स्थानीय सरकार संचालन ऐन २०७४" ले दिएका अधिकारको प्रयोग गरी बागलुङ नगरकार्यपालिकाको मिति २०७८।७।१४ को निर्णयले "वागलुङ नगर अस्पताल/स्वास्थ्य संस्था फार्मेसी सेवा सञ्चालन कार्यविधि २०७८" स्वीकृत गरी जारी गरिएको छ ।

**१. सक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "बागलङ नगर अस्पतालर **स्वास्थ्य संस्था** फार्मेसी सेवा सञ्चालन कार्यविधि, २०७८" रहने छ

(ख) यो कार्यविधि बागलुङ नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मिति बाट तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

अनुसूची १
(दफा ४ तथा अनुसूची १ को भाग-१ संग सम्बन्धित)

क) कार्यपालिका भन्नाले बागलुङ नगर कार्यपालिका सम्झनु पर्दछ

ख) स्वास्थ्य संस्था भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, सामुदायिक स्वास्थ्य इकाई तथा शहरी स्वास्थ्य केन्द्रलाइ सम्झनु पर्दछ ।

ग) फार्मेसी सेवा भन्नाले अस्पतालरस्वास्थ्य संस्थाहरुमा सञ्चालनमा रहेका र सञ्चालन गरिने औषधी तथा औषधीजन्य पदार्थ वा सामाग्रीबाट दिइने सेवा सम्झनु पर्दछ ।

घ) समिति भन्नाले दफा ३, बमोजिम गठित अस्पतालरस्वास्थ्य संस्था फार्मेसी सञ्चालन समिति सम्झनु पर्दछ ।

## ३. अस्पताल/स्वास्थ्य संस्था फार्मेसी सञ्चालन समितिः

अस्पताल र स्वास्थ्य संस्थामा औषधि तथा औषधिजन्य पदार्थ वा सामाग्रीवाट दिईने सेवा व्यवस्थित एवं प्रभावकारी रुपमा सञ्चालन गर्न गराउन देहाय बमोजिमको अस्पतालरस्वास्थ्य संस्था फार्मेसी सञ्चालन समिति गठन हुनेछ ।

### अ. अस्पताल फार्मेसी सञ्चालन समिति ः

(क) प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

(ख) स्वास्थ्य तथा सरसफाई शाखा प्रमुख - सदस्य

(ग) लेखा अधिकृत वा निजले तोकेको लेखाको कर्मचारी - सदस्य

(घ) स्टोर शाखा प्रमुख - सदस्य

(ङ) फार्मासिष्ट तथा फार्मेसी असिष्टेण्ट १ जना - सदस्य

(च) अस्पताल प्रमुख - सदस्य सचिव

### आ. स्वास्थ्य संस्था फार्मेसी सञ्चालन समिति ः

(क) सम्बन्धीत वडाको वडाअध्यक्ष - अध्यक्ष

(ख) लेखा अधिकृत वा निजले तोकेको लेखाको कर्मचारी - सदस्य

(घ) समितिले मनोनित गरेको स्थानीय सरोकारवाला मध्ये १ जना - सदस्य

(ङ) फार्मासिष्ट तथा फार्मेसी असिष्टेण्ट १ जना - सदस्य

(च) स्वास्थ्य संस्था प्रमुख - सदस्य सचिव

**४. समितिको काम, कर्तव्य र अधिकार :**

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) अस्पतालरस्वास्थ्य संस्थाको फार्मेसीमा राखिने औषधी र औषधीजन्य पदार्थ वा सामाग्रीको सूची निर्धारण गर्ने ।

(ख) आवश्यकता अनुसार औषधी वा औषधीजन्य पदार्थ वा सामाग्रीहरुको उत्पादक एवं आपूर्तीकर्ताहरुको पुर्व योग्यता निर्धारण गर्ने ।

(ग) गुणस्तरको विश्वसनियताको आधारमा कुनै खास ब्राण्ड स्वीकृत वा अस्वीकृत गर्ने ।

(घ) अस्पताल/स्वास्थ्य संस्थामा औषधीको परिमाण स्वीकृत गर्ने वा थपघट गर्ने ।

(ङ) अस्पतालरस्वास्थ्य संस्था फार्मेसीको समय समयमा निरिक्षण, अनुगमन गर्ने ।

(च) अस्पतालरस्वास्थ्य संस्था फार्मेसी सेवा सञ्चालन सम्बन्धी विषयमा नगरपालिकाको निर्देशन कार्यान्वयन गर्ने गराउने

**५. समितिको बैठक सम्बन्धी व्यवस्था :**

(क) समितिको बैठक कम्तिमा प्रत्येक दुई महिनामा बस्नेछ ।

(ख) समितिको बैठक बस्नुभन्दा कम्तिमा ४८ घण्टा अगावै सदस्य सचिवले सवै सदस्यहरुलाई बैठकको कार्यसुची उपलब्ध गराउनु पर्नेछ ।

(ग) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थीत भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(घ) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ ।

(ङ) समितिको बैठकको निर्णय उपस्थीत सदस्यको बहुमतवाट हुनेछ । मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ

(च) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**६. औषधी तथा औषधीजन्य सामाग्री र पदार्थको खरिद प्रक्रियाः**

औषधी तथा औषधीजन्य सामाग्री खरिद गर्दा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ वमोजिमको प्रकृया

अवलम्वन गरी अस्पतालरस्वास्थ्य संस्था फार्मेसी सञ्चालन समितिको निर्णय बमोजीम गर्नु पर्नेछ ।

## ७. औषधी  र औषधीजन्य पदार्थको विक्री मुल्यः

औषधी र औषधीजन्य पदार्थको विक्री मुल्य निर्धारण गर्दा यसको खरिद मुल्यमा बीस प्रतिशतमा नबढाई निर्धारण गरिनेछ। तर, यसरी विक्री मुल्य निर्धारण गर्दा अधिकतम खुद्रा मुल्य भन्दा बढी हुनु हुँदैन ।

## ८. फार्मेसीको लागि जनशक्तिः

(क) अस्पताल**रस्वास्थ्य संस्थामा** अनिवार्य रुपमा कम्तिमा एकजना फार्मेसी असिष्टेण्ट हुनु पर्नेछ नेपाल सरकारले दरवन्दी स्वीकृत गरेपछिको हकमा प्रचलित कानुन अनुसार हुनेछ । अस्पतालरस्वास्थ्य संस्थाको कार्यबोझ र दैनक कारोबारको आधारमा नगर कार्यपालिकाको निर्णय बमोजीम जनशक्तिमा थपघट गर्न सकिनेछ ।

## ९. फार्मेसीको भौतिक पूर्वाधार :

(क) फार्मेसी सञ्चालनका लागि आवश्यक औषधी विक्री वितरण कक्ष र भण्डारणको लागि पर्याप्त ठाउँको व्यवस्था गर्नुपर्नेछ

(ख) औषधी वितरण कक्ष ओस नलाग्ने , सूर्यको प्रत्यक्ष प्रकाश नपर्ने र पर्याप्त भेन्टिलेशन भएको हुनु पर्नेछ ।

(ग) फार्मेसी अस्पताल र स्वास्थ्य संस्था भित्रै सञ्चालन गर्नुपर्नेछ

(घ) विरामीलाई परामर्श दिने उपयुक्त ठाउँ हुनु पर्दछ ।

(ङ) विक्री वितरणका लागि अनुपयुक्त वा फर्काउनु पर्ने वा म्याद गुज्रेका वा नष्ट गर्नुपर्ने औषधी तथा औषधीजन्य सामाग्री असम्वन्धित ब्यक्तिको पहुँच नहुने गरी सुरक्षित राख्ने छुट्टै भण्डारणको व्यवस्था मिलाउनु पर्नेछ ।

(च) औषधीको पूर्जा लिने, डिस्पेन्स गर्ने र भुक्तानी लिने व्यक्ति र ठाउँको उपयुक्त व्यवस्था हुनुपर्नेछ ।

(छ) औषधी तथा औषधीजन्य सामाग्रीको मौज्दात तथा खपत अभिलेख, विजकीकरण, सूचना, लेवल, औषधि सम्बन्धि समस्याहरुको जानकारी आदिका लागि उपयुक्त सफ्टवेयर सहितको कम्प्युटरको प्रयोग गर्नुपर्नेछ ।

(ज) नेपाल सरकारबाट प्रदान गरिने निःशुल्क औषधिहरु र औषधिजन्य सामाग्रीहरुको सूची सबैले देख्न सक्ने गरी राख्नु पर्नेछ ।

(झ) स्वास्थ्य सस्थाहरुवाट निःशुल्क प्रदान गर्ने औषधिहरु र सो वाहेकका औषधिहरु स्पष्ट छुट्टिने गरी फार्मेसीमा राख्नुपर्नेछ

(ञ) स्वास्थ्य संस्था परिसरमा औषधिको ब्यापारिक प्रवर्द्धन सम्बन्धी कुनैपनि क्रियाकलाप गर्न पाइने छैन

## १०. विउ रकम (Seed Money) उपलब्ध गराउनेः

(क) नगरपालिकाले अस्पतालरस्वास्थ्य संस्था फार्मेसी सञ्चालनका लागि विउ रकम ९क्भभम :यलभथ० उपलव्ध गराउन सक्नेछ ।

(ख) नगरपालकिाले आवश्यक देखेमा उपदफा (क) बमोजिमको रकम अनुदानको रुपमा परिणत गर्न सक्नेछ ।

## ११. निःशुल्क बितरण गरिने औषधी सम्वन्धमाः

(क) नेपाल सरकारबाट निःशुल्क बितरण गरिने भनी तोकिएका औषधिहरु स्वास्थ्य संस्थाले निःशुल्क उपलब्ध गराउनुपर्नेछ ।

(ख) निःशुल्क बितरणका लागि तोकिएका औषधी तथा औषधीजन्य सामाग्रीहरु संघ, प्रदेश तथा स्वास्थ्य कार्यालय संगको समन्वयमा नगरपालिकाले उपलब्ध गराउनेछ ।

(ग) कारण वश निःशुल्क वितरण गरिने औषधी तथा औषधीजन्य सामाग्री मौज्दात नभएको अवस्थामा त्यस्तो जानकारी सम्वन्धित विरामीको प्रेस्क्रिप्सनमा फार्मेसीले जनाईदिनु पर्नेछ

(घ) अस्पतालरस्वास्थ्य संस्थाले औषधीहरु मौज्दातमा नभएमा पनि अतिगरिब र असहाय विरामीलाई औषधि निःशुल्क दिने व्यवस्था गर्नुपर्नेछ र यो सेवा प्राप्त गर्ने विरामीहरुको विस्तृत विवरण सहितको अभिलेख मासिक रुपमा सार्वजनिक गर्नुपर्नेछ ।

## १२. निःशुल्क प्राप्त औषधीको वितरणः

अस्पतालले कुनैपनि श्रोतवाट निःशुल्क रुपमा प्राप्त भएका वा कुनै कम्पनीवाट बोनस स्वरुप प्राप्त भएका औषधि र औषधिजन्य सामाग्रीहरु निःशुल्क रुपमा प्रदान गर्नुपर्नेछ ।

## १३. आर्थिक व्यवस्थापनः

(क) अस्पतालरस्वास्थ्य संस्था फार्मेसीको अलग्गै खाता हुनेछ ।

(ख) उपदफा (क) बमोजिमको खाताको सञ्चालन प्रमुख प्रशासकीय अधिकृतले तोकेको अस्पताल**रस्वास्थ्य संस्था प्रमुख** वा कर्मचारी र लेखाको कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(ग) उपदफा (क) बमोजिमको खातामा देहायका रकम जम्मा हुनेछन्:

(अ) नगरपालिकाबाट प्राप्त रकम,

(आ) दैनिक विक्रीबाट प्राप्त रकम,

(इ) संघ तथा प्रदेशवाट प्राप्त रकम,

(ई) अन्य व्यक्ति, संघ संस्था तथा दातृ निकायवाट प्राप्त रकम

(घ) फार्मेसी सञ्चालन समितिको सिफारिश र समितिको निर्णय विना उपदफा (क) बमोर्जिमको खातामा रहेको रकम अन्य प्रयोजनमा खर्च गरिने छैन ।

(ङ) प्रत्येक दिनको कारोवार रकम सोही दिन अथवा भोलिपल्टको मध्यान्ह सम्ममा बैंक दाखिला गरिसक्नुपर्नेछ

(च) औषधी विक्री बाट प्राप्त कुल रकम मध्येबाट मासिक रुपमा कम्तीमा दश प्रतिशत रकम अस्पताल र स्वास्थ्य संस्थाको मुल खातामा जम्मा गर्नु पर्नेछ ।

**१४. आयव्ययको हिसाबः**

(क) प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र फार्मेसीको आयव्ययको हिसाब गरिनेछ

(ख) आयव्ययको हिसाब राख्दा नाफा भएको रकम मध्ये नब्बे प्रतिशत रकम अस्पतालको मूल खातामा जम्मा गनुपर्नेछ बाकी दश प्रतिशत रकम अस्पताल र स्वास्थ्य संस्था फार्मेसीको खातामा रहनेछ ।

(ग) अस्पतालरस्वास्थ्य संस्थाको मुल खातामा प्राप्त खुद मुनाफा रकम मध्येबाट अस्पताल र स्वास्थ्य संस्थाका सञ्चालन समितिले निर्णय गरी बार्षिक खुद नाफाको बढीमा १५ प्रतिशत रकम सम्म कर्मचारीहरुलाई प्रोत्साहन भत्ता स्वरुप उपलब्ध गराउन सकिनेछ

(घ) आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र आन्तरीक लेखापरीक्षण गराई सक्नुपर्नेछ ।

(ङ) प्रत्येक आर्थिक वर्षको अन्तमा फार्मेसीमा खरिद भएको अद्यावधिक परिमाण, विक्री भएको परिमाण तथा बाँकी परिमाणको सन्तुलन परिक्षण **(Trial Balance)** तयार गनुपर्नेछ

**१५. ब्राण्ड तोकी सिफारिश गर्न नहुनेः** विशेष औचित्य भएमा बाहेक विरामीलाई खास ब्राण्ड तोकी  सिफारिश गर्न हुदैन ।

**१६. अनुगमन तथा मुल्यांकन गरी प्रतिवेदन पठाउनुपर्नेः** अस्पताल**रस्वास्थ्य संस्थामा** फार्मेसी सञ्चालनको अवस्था एवं उक्त सेवालाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि नगरपालिकाको स्वास्थ्य तथा सरसफाई शाखाले चौमासिक रुपमा अनुगमन तथा मुल्यांकन गरी सोको प्रतिवेदन नगरपालिकाको कार्यालयमा पेश गर्ने

**१७. औषधीको सूचि तयार गनुपर्नेः** स्वास्थ्य संस्थावाट प्रदान गर्ने औषधी तथा औषधीजन्य सामाग्रीहरुको सूचि तयार गरी कार्य गर्नुपर्नेछ ।

१८. फार्मेसी सञ्चालन सम्वन्धी सफट्वेयर नगरपालकिाले तोके बमोजिमको एकरुपता कायम हुने गरी प्रयोग गर्नुपर्नेछ ।

१९. निर्देशन दिन सक्नेः यस कार्यविधिमा उल्लेख गरिएका बाहेक सवै स्वास्थ्य संस्थाहरुलाई नगरपालिकाले समय सापेक्ष फार्मेसी सञ्चालन सम्वन्धी विषयमा आवश्यक निर्देशन दिन सक्नेछ र सो निर्देशन पालना गर्नु सम्वन्धित स्वास्थ्य संस्थाको कर्तव्य हुनेछ ।

**२०. प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यबिधिमा उल्लेख नभएका विषयमा प्रचलित कानुनमा लेखिए बमोजिम हुनेछ ।

प्रमाणीकरण मिति : २०७८।०७।१७ गते शुक्रवार

आज्ञाले
जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत